हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही मधेश प्रदेश, नेपाल

(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८२ साल जेष्ठ २० गते मंगलबारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८२/०२/२०

मिति २०८२/०२/२० गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।

२. राम लगन मावि पिडारीको ट्रस भवन सम्बन्धमा ।

३. नगर शिक्षा योजना निर्माण कार्यदल गठन सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा माथि छलफल गर्दा यस चालु आ.व. २०८१/०८२ को लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखाबाट सबै स्थानीय तहका लागि च.नं. २६७ मिति २०८१/०३/०५ गतेमा जारी भएको पत्रबाट आ.व. २०८१/०८२ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तिय हस्तान्तरण भएको कार्यक्रममा यस नगरपालिकाको लागि स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण शीर्षकमा एउटा विद्यालय निर्माणको लागि रकम रु. ५५,००,०००।०० हस्तान्तरण भई आएको र सो भवन निर्माणका लागि नगर शिक्षा समितिको मिति २०८२/०१/०८ गतेको निर्णयबाट श्री राम लगन माध्यमिक विद्यालय हरिपुर-९, पिडारीलाई भवन निर्माणको लागि छनौट गरेको हुँदा उक्त भवन निर्माणको लागि विद्यालयमा रहेको पुरानो प्रयोग विहिन २ कोठे ट्रस भवन भत्काई सोही ठाँउमा ४ कोठे भवन निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले मिति २०८२/०२/०७ गतेमा निर्णय गरी च.नं. ९८ मिति २०८२/०२/३० गतेको पत्रबाट भवन भत्काउन सिफारिस माँग भई आएको हुँदा प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त भवनबाट निस्किने सामाग्रीहरुको सुरक्षण र उपयोग हुने गरी भवन भत्काउन अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री प्रभावकारी शैक्षिक व्यवस्थापन, शिक्षामा समान सहभागिता र लैंगिक तथा समाजिक भेदभाव रहित दिगो विकासका लागि अनिवार्य तथा निशुल्क शिक्षालाई निरन्तर प्रवाहका लागि एक मंजबुत शिक्षा योजना निर्माण गर्ने उद्देश्य तपसिल अनुसारको नगर शिक्षा योजना निर्माण कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

१. संयोजक मनोज कुमार चौधरी

२. सदस्य सुमिन्त्रा देवी

३. सदस्य सन्तोष प्रसाद साह

४. सदस्य अमृतलाल मोक्तान

५. सदस्य नागेश्वर राय